कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सिक्लेस हाइड्रोपावर लिमिटेड
# Sikles Hydropower Limited

रजिष्ट्रार कार्यालयः लेखनाथ- ०७, पोखरा, कास्की
फोन नं.: ०६१-४६५८०६, ५२७८०७, ४६२७७४
इमेल : sikleshydr13mw@gmail.com, वेभसाईटः www.sikleshydro.com.np

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

सिक्लेस हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ८५,००,००,०००/- (अक्षरेपी पचासी करोड मात्र) मध्ये १०% अर्थात् रु. ८,५०,००,०००/- (अक्षरेपी आठ करोड पचास लाख) रकम बराबरको रु. १००/– अंकित दरका ८,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको प्रभावित क्षेत्र मादी गाँउपालिकाका वडा नं. १, २ र ३ का बासिन्दाहरुका लागि **आज मिति २०७९ श्रावण ०६ गते शुक्रबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता |
|---|---|

| सि.नं. | विवरणपत्र पाइने स्थानहरुः |
|---|---|
| १. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं। |
| २. | सिक्लेस हाइड्रोपावर लिमिटेडको कार्यालय, कुपण्डोल, ललितपुर। |
| ३. | सिक्लेस हाइड्रोपावर लिमिटेडको आयोजना कार्यालय, पोखरा, कास्की। |

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.bokcapital.com.np तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sikleshydro.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त फाराम बुझाउने स्थानहरु :**

| सि.नं. | संकलन केन्द्रको नाम र ठेगाना | सि.नं. | संकलन केन्द्रको नाम र ठेगाना |
|---|---|---|---|
| १. | माछापुच्छ्रे बैंक लि., मादी गाउँपालिका वडा नं. १ को कार्यालय, कास्की | ३. | मुक्तिनाथ विकास बैंक लि., काहुँखोला, पोखरा, कास्की |
| २. | बैंक अफ काठमान्डू लि., न्यूरोड, पोखरा, कास्की | ४. | पोखरा फाइनान्स लि. भाजपाटन, पोखरा, कास्की |
| ५. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं।* | | |

*** बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडमा चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ।**

आवश्यकता अनुसार स्वीकृती लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।

साथै, भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्राकृतिक प्रकोप जस्ता कारणहरुबाट विस्थापित हुने अवस्था सिर्जना भएका वा पेशा व्यावसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सीमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिने छ।

**दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२/– (दुई रुपैयाँ) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।**

| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०७९/०४/२० गते (बैंकिङ्ग समय पश्चात्) |
|---|---|
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०७९/०५/०५ गते (बैंकिङ्ग समय पश्चात्) |

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व.०७६/७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.७८ | १०३.६४ | ११६.८६ | ११४.८२ | १२०.५६ | १२८.२९ |
| प्रति शेयर आम्दानी (रु.) | (४.९५) | ११.८६ | १६.८२ | ९.९८ | १५.७४ | १७.७३ |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | (५३,४१४) | २३,६५१ | १,०९,५६४ | १,२६,००४ | १,७४,७९७ | २,४०,४७८ |

### प्रति मेगावाट कुल लागत सम्बन्धी विवरणः

**संगठित संस्थाको वित्तीय विवरण अनुसार १३ मेगावाट क्षमताको यस आयोजनाको कुल लागत रु २,३१,७६,५५,०००/- र प्रति मेगावाट उत्पादन लागत लगभग रु. १७,८२,८१,१५४/- करोड मात्र रहेको छ ।**

### विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरणः

**अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/११/२० गतेसम्म रहेकोले २६ वर्ष १० महिना बाँकी रहेको छ ।**

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८.९१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.९९ वर्ष रहेको छ ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

**यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७८/०६/२० गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औसत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१९ गते सम्म रहनेछ ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**नोटः स्थानिय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ आषाढ ३० गतेको "कारोबार राष्ट्रिय दैनिक" मा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.sikleshydro.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.bokcapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

## बि.ओ.के. क्यापिटल मार्केट लि.
## B.O.K Capital Market Ltd.

A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

मिति २०७९/०४/०६ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने।